# पिपरा गाउँपालिका

२ नं वडा कार्यालय
अतराढ महोत्तरी

०। ८

पत्र संख्याः- २०७४।०७५
चलानी नम्बर :- २५५

२ नं प्रदेश
मिति २०७५।३।१०

विषय :- सुचना-सुचना-सुचना

श्री.........................................

उपरोक्त सम्बन्धमा तपाई सर्वसाधारण महानुभावहरु लाई सुचित गरिन्छ कि यस पिपरा गाउ पालिका वडा नं २ को मिति २०७५।३।०१ गते को निणर्य अनुसार यस पिपरा गाउँपालीको अधिनस्त वार्ड नं. २ मा रहेको लबकी पोखरी र गंगा सागर पोखरी को २०७५ साल श्रावण १गते देखी २०७८ साल अषाढ मसान्त सम्म वर्ष ३ तीनको लागी शिल टेन्डर द्वारा माछा पालन गर्नको लागी ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले ठेक्का लिन चाहनु हुने इच्छुक महानुभावहरुले तपसिलको शर्तहरुको परिधी भित्र रही वडा कार्यालय अतराढमा शिल टेण्डर दर्ता गराउन हुने यो १५ दिने सुचना प्रकाशित गरिएको छ ।

## तसिलत

**शर्तहरु**

१

| क्र.स | पोखरीको नाम | ठेगाना | न्युनतम कबुल अंक रु. |
|---|---|---|---|
| १ | लबकी पोखरी | पिपरा गा.पा. वडा नं २ | १३,५०,१५५/- |
| २ | गंगा सागर पोखरी | पिपरा गा.पा. वडा नं २ | १७,०५,०००/- |

२ पोखरीको ठेक्का अवधी २०७५ साल श्रावण १ गते देखि२०७८ साल अषाढ मसान्त सम्म वर्ष ३ तीन को लागी मात्र ।

३ टेन्डर फारम खरीदको लागी पति टेन्डर रु ५००।- पांच सय मात्र को नगदी रसिद कटाई वडा कार्यालय बाट कार्यालय समयमा खरीद गर्नु पर्नेछ ।

४ टेन्डर फारम खरीद मिति २०७५।३।२२ गते ११:०० बजे देखी ३:०० -एगारह बजे देखी तिन बजे सम्म) ।

५ टेन्डर दर्ता मिति मिति २०७५।३।२४ गते देखी ११:०० देखी २:०० बजे (एगारह बजे देखी दुई बजे सम्म) ।

६ टेन्डर फारम खोलिने मिति २०७५।३।२४ गते २:३० साढे दुई बजे देखी

७ धरौटीको हकमा कबोल अंकको नेपाली नागरिक भए ५% र विदेशी भए १०% का दरले धरौटी रकम गाउ पालिका को एभरेष्ट बैक पिपरा गाउँ पालिका को धरौती खाता ग३ ०६२००१०६२००००२ मा जम्मा गरी

सोको सक्कल भाउचर र नागरिकता प्रमाण पत्रको फोटोकापी तथा टिकट वापत रु १० (दश) को नोट टेन्डर फारम साथ संलग्न गरी शिल टेन्डर दर्ता गराउनु पर्ने छ

८. शिल टेन्डर खोल्दा आफै वा प्रतिनिधि राख्नु पर्ने छ । सो समयमा उपस्थित नभएमा पनि शिल टेन्डर खोलिन बाधा पर्ने छैन । पछि कुनै उजुर बजुर गर्न पाउनु छैन ।

९ सिल टेन्डर खोल्दा सबै भन्दा बढि रकम कबुल भएको टेन्डर फारम स्वीकृती गरिनेछ ।

१० टेन्डर स्वीकृत भएको मिति ले ७ दिन भित्र चलन पुर्जी लिनु पर्ने छ ।

११ चलन पुर्जी लिनु भन्दा पहिले प्रथम किस्ता बुझाई चलन पुर्जी लिनुपर्ने छ ।

१२ चलन पुर्जी लिनु भन्दा पहिले धन जमानी राख्नु पर्ने छ ।

१३ किस्ताको हकमा वार्षिक किस्ता हुनेछ । साथै आफुले गरेको कबुलियतमा अनुसार समय भित्र किस्ता बुझाउने पर्ने छ । अन्यथा किस्ता नबुझाएमा ठेक्का स्वत : बदर गरि धरौती जफत भई जानेछ ।

१४ किस्ता वापतको रकम नगद वा अन्य कुनै तबरबाट बुझाएमा सो को सम्पुर्ण जिम्मेवारी स्वयं हुनेछ ।

१५ पोखरी को सुरक्षा ठेकेदारले आफै गर्नुपर्ने छ ।

१६ कुनै पनि परिस्थीतीमा पोखरीको किस्ता मिन्हा माफ वा म्याद थपघट हुने छैन

१७ साविक गा.वि.स. को बाँकी बक्यौता रकम राख्ने व्यक्तिले टेन्डर फारम खरिद वा टेन्डर खसाल्न पाउने छैन ।

१८ रित नपुगेको शिल टेन्डर माथि कुनै कारवाही गरिन छैन ।

१९ ठेक्का सदर गर्न वा नगर्न सम्पुर्ण अधिकार वडा कार्यालयमा निहित रहने छ ।

२० धन जमानी वापत राखेको जग्गा मालपोत कार्यालय बाट रोकापत्र ल्याए पछि मात्र चलन पुर्जी दिईनेछ ।

२१ विशेष जानकारीको लागि वडा कार्यालयमा सम्पर्क राख्नु होला ।

२२ दोस्रो किस्ता को रकम प्रत्येक वर्षको श्रावण १५ गते भित्र एक मुष्ठ तोकिएको रकम बैकमा जम्मा गर्नु पर्ने छ ।

२३ पोखरी मा पानी गेहु वाली को लागी मात्र प्रति साल १ (एक) पटक (पटवन) सिँचाई कार्य गर्नु पर्ने छ ।

९८४९२११५९
२०७५/४/१०
प्रह्लादेव यादव
वडा अध्यक्ष